जोरायल गाउँपालिका
(Jorayal Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office of The Rural Municipal Executive)

रावतकट्टे, डोटी
Rawatkatte, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८२/०८३
सू. नं. ०६

**भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन फाराम भर्ने सम्बन्धी सूचना ।**

(सूचना प्रकाशन मिति २०८२/०५/०४)

भूमि समस्या समाधान आयोग, काठमाडौंबाट मिति २०८२।०४।३० गते प्रकाशित ३५ दिने सूचना बमोजिम यस जोरायल गाउँपालिका क्षेत्र भित्र बसोबास गरिरहनु भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि यस भन्दा अगाडी लिईएको तथ्याङ्क संकलनमा अनुसूचि फाराम भर्न छुटेकाहरुको हकमा अन्तिम पटकका लागि मिति २०८२/०६/०२ गते भित्र सम्बन्धित वडा कार्यालय वा तोकिएको स्थानमा सम्पर्क गरी आवश्यक कागजात सहित आयोगले तोके बमोजिमको अनुसूची फाराम भर्नहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

समयमै अनुसूचि फाराम नभर्ने तथा माग गरिएका कागजात र विवरण उपलब्ध नगराएको कारण नियमानुसार जग्गा प्राप्त नभएमा त्यसको जिम्मेवार सम्बन्धित व्यक्ति नै हुने साथै झुठ्ठा विवरण तथा दोहोरो अनुसूचि फाराम भरेमा नियमानुसार कार्वाही हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

Email: joravalrlmp@gmail.com फोन: ९८५८४८८०३९ Website: jorayalmun.gov.np